August 30, 2026

आकाशवाणी

**मुख्य समाचार**

1. भारत र उज्बेकिस्तान बीच बृहत् रणनीतिक साझेदारी अनि प्रधानमन्त्री नरेन्द्र मोदी उज्बेकिस्तानको सर्वोच्च राज्य पुरस्कारद्वारा सम्मानित

२. प्रधानमन्त्रीले मन की बात कार्यक्रममा आफ्ना विचारहरू गर्नुभयो साझा

३. नेपालमा आएको बाढीबाट मृत्यु हुनेको संख्या, **सात सय अरसाठी**

३. भारतले नेपाललाई लगभग **अरसाठी टन** राहत सामग्री गर्यो प्रदान, र

४. महिला क्रिकेटमा, **भारतले आज दुबईमा थाइल्याण्ड** सँग गर्नेछ सामना

## MODI UZBEK HIGHEST AWARD

प्रधानमन्त्री नरेन्द्र मोदीलाई आज ताश्कन्दमा **राष्ट्रपति शवकत मरिजियोयेभले** उज्बेकिस्तानको सर्वोच्च राज्य पुरस्कार **"अर्डर अफ ओली दराजाली दुस्लकि"** प्रदान गर्नुभयो। प्रधानमन्त्रीले यो पुरस्कार भारत र उज्बेकिस्तान बीचको दिगो सम्बन्धलाई समर्पित गर्नुभयो।

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र उज्बेकिस्तानले बृहत् रणनीतिक साझेदारीको ढाँचा भित्र ठोस लक्ष्यहरू राखेर अगाडि बढ्ने बताउनुभएको छ। उहाँले दुवै देशले आफ्नो सम्बन्धलाई बृहत् रणनीतिक साझेदारीको स्तरमा उचाल्दै गएको बताउनुभयो। दुई देशले आज खानी, आयुर्वेद, पर्यटन, आर्थिक तथा वित्तीय संवाद, व्यापक तथा रणनीतिक साझेदारी, उच्च शिक्षा र वातावरण लगायत विभिन्न क्षेत्रहरूका समझदारीपत्रमा हस्ताक्षर गरेका छन्। दुवै **देश दुई हजार तीस** सम्ममा **पाँच अरब** डलरको द्विपक्षीय व्यापारको लक्ष्य राख्न सहमत भएका छन्। श्री मोदीले आफ्नो रणनीतिक साझेदारीको **पन्ध्रौं वार्षिकोत्सव** र उज्बेकिस्तानको स्वतन्त्रता दिवसको **पैंतीसौं वार्षिकोत्सवको** संयोगमा खुशी व्यक्त गर्नुभयो। उहाँले **सेप्टेम्बर एक** मा पर्ने स्वतन्त्रता दिवसको अवसरमा उज्बेकिस्तानका जनतालाई अग्रिम बधाई र शुभकामना पनि दिनुभयो।

## PM Mann ki Baat

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान आकाशवाणीमा मन की बात कार्यक्रममा आफ्ना विचारहरू साझा गर्नुभयो। उहाँले '**विकसित भारतका लागि नशा-मुक्त युवा**' अभियान देशभर द्रुत गतिमा अघि बढिरहेको र धेरै मानिस, विशेष गरी युवाहरू ठूलो संख्यामा यसमा सामेल हुँदै, लागूपदार्थमुक्त युवा र लागूपदार्थमुक्त भारतको लक्ष्यसहितको अभियान केवल औपचारिकता मात्र नभएकोमा खुशी व्यक्त गर्नुभयो। लागूपदार्थको लतले एक व्यक्तिलाई मात्र समेट्दैन तर सम्पूर्ण परिवार र समाजले यसको परिणाम भोग्दछ। उहाँले लागूपदार्थ विरुद्ध जागरूकता जगाउने र लतसँग संघर्ष गरिरहेका व्यक्तिहरूलाई मद्दत गर्न अगाडि बढ्नेहरूको प्रशंसा गर्नुभयो।

प्रधानमन्त्रीले, '**पीएम स्वनिधि योजना**' मार्फत लाखौं महिलाहरूले नयाँ शक्ति प्राप्त गरिरहेको र '**महिला सशक्तिकरण**' को यो पक्षको जति चर्चा हुनुपर्ने हो त्यति नभएको बताउनुभयो। 'पीएम स्वनिधि योजना' का लाभार्थीहरूमध्ये लगभग **छयालिस प्रतिशत** महिलाहरू छन्।

श्री मोदीले, आज देशका छोरीहरूको सपनाको उडान पृथ्वीबाट बाह्य अन्तरिक्षमा उडिरहेको बताउनुभयो। भारतले विश्वभरका हजारौं छोरीहरूलाई एकै ठाउँमा ल्याइरहेको छ जसले यस्ता

सपनाहरू पालनपोषण गरिरहेका छन्। यो पहललाई **'मशिन शक्तसिट'** नाम दिइएको छ, र मार्फत **एक सय आठ देशका बाहृर हजार छात्राहरूले** नवप्रवर्तनको क्षेत्रमा उपग्रह प्रविधि सिक्ने अवसर पाइरहेका छन्।

श्री मोदीले मुम्बईकी **कृष्णा शेषाद्रीसँग** कुरा गर्नुभयो, जसले **www.bharatrajya.com** नामक एक अद्वितीय वेबसाइट सिर्जना गरेकी छिन्। वेबसाइटमा कुनै पनि वर्ष छनोट गरेर, त्यस समयमा भारतको कुन भागमा कुन शासकले शासन गर्थे भनेर मानिसहरूले सजिलै पत्ता लगाउन सक्छन्। कृष्णाको यो पहलले इतिहासका विद्यार्थीहरूलाई मात्र नभई आम जनतालाई पनि विगतको बारेमा आकर्षक तरिकाले जान्न मद्दत गर्नेछ।

प्रधानमन्त्रीले, अगस्ट महिनाले चारैतिर देशभक्तिको असंख्य रंगहरू ल्याएको जसमा **'राष्ट्रयि हस्तकला दविस'** र **'भारत छोडो आन्दोलन'** को वार्षिकोत्सवदेखि **'वभिाजन भयावह स्मृत‍ि दविस'** जस्ता अवसरहरूले यस महिनालाई विशेष बनाएका छन् भन्नुभयो। यसका साथै, **स्वतन्त्रता दविस** र **राष्ट्रयि अन्तरक्षि दविसले** हरेक देशवासीलाई गर्वले भरिपूर्ण बनाउँदछ। उहाँले, **'हर घर तरिंगा'** अभियानले यो भावनालाई अझ बलियो बनाएको र यो वर्ष **'वन्दे मातरम्'** को **एक सय पचासौं वार्षकिोत्सव** मनाइँदै गर्दा अझ विशेष भएको पनि बताउनुभयो।

## INDIAN ASSISTANCE TO NEPAL

मध्य नेपालमा आएको बाढीबाट मृत्यु हुनेको संख्या आज **सात सय अरसाठी** पुगेको छ भने थप शवहरू अझै निकालिइँदै छ। विपद् पछि लगभग **दुई हजार पाँच सय जना** अझै पनि बेपत्ता छन्। विदेश मन्त्रालयका **प्रवक्ता रणधीर जयसवालले** बाढीको त्रासदी पछि नेपालमा अहिलेसम्म **एक सय आठ** भारतीय नागरिकहरूलाई उद्धार गरिएको र, पहिले सम्पर्कविहीन रहेका लगभग पचास **भारतीय** नागरिकहरूसँग सम्पर्क पुन: स्थापित भएको बताउनुभयो। विदेश मन्त्रालयले **दुई सय पचत्तर** भारतीय नागरिकहरू र अन्य राष्ट्रियता भएका लगभग **एक सय अठाइस** भारतीय मूलका व्यक्तिहरू अझै पनि बेपत्ता रहेको बताएको छ। भारतले बाढी प्रभावित नेपाललाई लगभग **अरसाठी टन** राहत सामग्री प्रदान गरेको छ र खोज तथा उद्धार कार्यमा सहयोग गर्न **प्राविधिकि टोली, फोरेन्सकि वज्ञि र उपकरणहरू** पठाएको छ। विदेश मन्त्रालयका अनुसार **एघार टन** राहत सहायता बोकेको **चौथो उडान** आज नेपालमा अवतरण गरेको छ। काठमाडौंमा रहेको भारतीय दूतावासले हिजो एक विज्ञप्तिमा, भारतले नुवाकोट जिल्लाको बाढी प्रभावित त्रिशूली क्षेत्रमा जलविद्युत सुरुङहरूमा खोज तथा उद्धार कार्यका लागि उपकरणसहित सुरुङ विज्ञहरू सहितको विशेष प्राविधिक टोली पठाएको जानकारी दिएको छ।

## Odisha flood

**बालासोरमा लगातार वर्षाको कारण, सुवर्णरेखा** बढ्दै जाँदा **उत्तरी ओडशिामा** नयाँ बाढीको खतरा देखा पर्दैछ। मौसम विभागले उत्तरपश्चिम बंगालको खाडी र छेउछाउको पश्चिम बंगाल-उत्तर ओडिशा तटहरूमा रहेको **न्यून चापीय क्षेत्रले** वर्षालाई बढावा दिइरहेको र पश्चिम-उत्तरपश्चिमतिर सर्ने सम्भावना रहेको बताएको छ। मौसम विभागले आज र भोलि ओडिशामा अत्यधिक भारी वर्षा र, मंगलबार धेरै भारी वर्षा हुने चेतावनी दिएको छ। हाम्रो संवाददाताबाट थप रिपोर्ट: - PRAKASH BYTE

## Indian Standard Time

**उपभोक्ता मामलिा वभिागले कानूनी मापन (भारतीय मानक समय) नयिम, दुई हजार छब्बीस** अधिसूचित गरेको छ। यी नियमहरूले कानूनी, प्रशासनिक, व्यावसायिक र अन्य आधिकारिक उद्देश्यका लागि देशभरि साझा समय सन्दर्भको रूपमा **भारतीय मानक समय प्रदान** गर्नेछ। यस साझा समय सन्दर्भले बैंकिङ र डिजिटल भुक्तानी लेनदेनको सही समय-मुद्रांकन, रेलवे, विमानस्थल र अन्य यातायात प्रणालीहरूको समन्वय, र आपतकालीन तथा अन्य समय-संवेदनशील सेवाहरूको समन्वयलाई पनि समर्थन गर्नेछ।

## Cricket

महिला क्रिकेटमा, **भारतले आज यु.ए.ई-को दुबई अन्तर्राष्ट्रयि रंगशालामा टी-ट्वेन्टी एसयिा कपमा थाइल्याण्डको** सामना गर्नेछ। खेल भारतीय समय अनुसार राति आठ तीस बजे सुरु हुनेछ।

## Hockey

**बेल्जयिमको बेल्फयिस हक्की एरनिामा** हुने पुरुष FIH हक्की विश्वकप दुई हजार छब्बीस को फाइनलमा आज साँझ **जर्मनीले स्पेनसँग** प्रतिस्पर्धा गर्नेछ। यो खेल भारतीय समय अनुसार राति **आठ बजे** सुरु हुनेछ। हिजो **महलिा FIH वश्विवकपको फाइनलमा अर्जेन्टनिाले नेदरल्याण्ड्सलाई** पेनाल्टी सुटआउटमा पराजित गरेको थियो।

मुख्य समाचार पुनः एकपल्ट

1. भारत र उज्बेकिस्तान बीच बृहत् रणनीतिक साझेदारी अनि प्रधानमन्त्री नरेन्द्र मोदी उज्बेकिस्तानको सर्वोच्च राज्य पुरस्कारद्वारा सम्मानित

२. प्रधानमन्त्रीले मन की बात कार्यक्रममा आफ्ना विचारहरू गर्नुभयो साझा

३. नेपालमा आएको बाढीबाट मृत्यु हुनेको संख्या, **सात सय अरसाठी**

३. भारतले नेपाललाई लगभग **अरसाठी** टन राहत सामग्री गर्यो प्रदान, र

४. महिला क्रिकेटमा, **भारतले आज दुबईमा थाइल्याण्ड** सँग गर्नेछ सामना